रास्वपा, राष्ट्रिय भेला (असोज १-२, काठमाडौं) मा प्रस्तुत

# सभापति रवि लामिछानेको राजनीतिक प्रतिवेदन

पार्टीको केन्द्रीय समिति, आयोग र विभाग एवं प्रदेश, जिल्ला र पालिका तहबाट सहभागी हुनुभएका प्रतिनिधि मित्रहरू, राष्ट्रिय भेलाको यो बन्द सत्रमा यहाँहरूलाई हार्दिक स्वागत गर्दछु । र, स्थापनाको करिब ६ महिनामै रास्वपालाई देशको चौथो शक्ति बनाउन यहाँहरूले गर्नुभएको योगदानप्रति उच्च प्रशंसा गर्दछु ।

नेपालको राजनीतिक-सामाजिक परिवर्तनलाई यहाँसम्म ल्याउन प्राणआहुती दिनुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै विभिन्न कालखण्डमा भएका राजनीतिक-सामाजिक संघर्ष र आन्दोलनका सबै अगुवाप्रति गहिरो सम्मान व्यक्त गर्दछु ।

**प्रतिनिधि मित्रहरू,**

राष्ट्रिय स्वतन्त्र पार्टीको करिब दुई वर्षे यात्राको गहन समीक्षासहित राजनीतिक र सांगठनिक कार्यदिशालाई आवश्यक परिमार्जन र परिस्कृत गर्ने उद्देश्यका साथ हामी यो राष्ट्रिय भेलामा उपस्थित भएका छौं । राष्ट्रिय स्वतन्त्र पार्टीमार्फत नेपाली राजनीतिक इतिहासमा पहिले कहिलै नभएको सचेत, शान्तिपुर्ण र द्रुत परिवर्तनलाई झन् बलियो, स्थायी र जनपक्षीय बनाउन तथा पार्टीलाई जनस्तरमा थप विस्तार र सुदृढ बनाउन यो भेलाले स्पष्ट दिशानिर्देश गर्नुपर्ने भएकाले बिना आग्रह-पूर्वाग्रह दूरगामी महत्व राख्ने वैचारिक, राजनीतिक र सांगठनिक विषयमा वस्तुनिष्ठ, यथार्थपरक र प्रवृत्ति केन्द्रित खुला छलफलका लागि आह्वान गर्दछु ।

यो राजनीतिक प्रतिवेदन मुख्यरूपमा चार आधारमा केन्द्रित छ । पहिलो- पार्टीको विधान, दोस्रो- वाचापत्र, तेस्रो- जलेश्वर बैठक र नीति-विचारको प्रस्तावना र चौथो- भर्खरै भएका बन्द कार्यशालाको निचोड, मेरो प्रदेशयात्राको अनुभव तथा पूर्व महामन्त्रीको समीक्षा प्रतिवेदन ।

२०७९ असार ७ गते पार्टी स्थापनाको घोषणा गर्दा धेरैले 'अराजनीतिक लहड' भनेका थिए । तर, २०७९ मंसिरको आमनिर्वाचनमा आइपुग्दा रास्वपा मुलुकको चौथो शक्ति बन्यो । हाम्रो संसदीय उपस्थिति राजनीतिक अभ्यासको फरक पृष्ठभूमिमा स्थापित 'निलो क्रान्ति' थियो । केही हदसम्म पुराना राजनीतिक दलहरूप्रतिको वितृष्णा र धेरै हदसम्म नयाँ

दलप्रतिको आकर्षणका कारण यो संभव भएको थियो । 'व्यवस्था होइन, अवस्था परिवर्तन'को नारा एवं सुशासनको पक्ष र भ्रष्टाचारविरुद्धको हाम्रो एजेण्डालाई मतदाताले अनुमोदन गरेका थिए ।

विषयगत क्षेत्रमा तथ्य र तर्कसहितको प्रस्तुति, नागरिकका मुद्दाको निरन्तर पैरवी, कानून निर्माणमा सुझबुझपूर्ण अग्रसरताजस्ता हाम्रा २१ सांसदको विशेषताले संसदमा रास्वपाको उपस्थिति छोटो समयमै स्थापित भयो । र, संसदको जबरजस्त उपस्थितिकै कारण हामीप्रति आमनागरिकको विश्वास पनि बढ्यो ।

नजरअन्दाज गर्नै नसकिने उपस्थितिकै कारण रास्वपालाई चौतर्फी घेराबन्दी गर्ने प्रयास भयो, जारी छ । झुटो लान्छनामार्फत नेतृत्वको बद्ख्वाई, राजनीतिक र व्यक्तिगत प्रतिशोधका आधारमा नेताहरूमाथि प्रहार एवं सामाजिक सञ्जाल लक्षित कुप्रचार आदि कारणले तपाईंहँरूलाई  लाग्ला छोटो समयमै हामी केही कमजोर भएका छौं । तर, तथ्यले भन्छ- हामी कमजोर होइन बलियो भइरहेका छौं, फैलँदै छौं । यसैले जबरजस्ति, पटक पटक दोहोर्याएर स्थापित गर्ने प्रयास गरिएका यी र यस्ता सबै भ्रमहरू खारेज गर्दै पार्टी भनेर कुनै अमूक व्यक्तिलाई देखाएर पन्छिने, महत्वपूर्ण जिम्मेवारीमा रहेर पनि गुनासो मात्रै गरिरहने र दुई वर्षमै योगदानको हिसाब-किताब खोज्ने हुर्कदो प्रवृत्ति चिर्न पनि यो भेला आवश्यक छ ।

दुई वर्षबीचमै वडास्तरदेखि संसदसम्म उपस्थित जनाउने संभवत् नेपाली इतिहासको पहिलो दल हौं, हामी । र, यो उपस्थिति नै छोटो समयमा हामीले आर्जन गरेको शक्ति हो । रास्वपा परिवारमा अहिले १०औं हजार सदस्य छौं । ६५ सदस्यीय केन्द्रीय समिति, २ वटा आयोग र ३८ वटा विभाग छन् । सातवटा प्रदेश समिति र प्रत्येक प्रदेशमा विभाग क्रियाशिल छन् । ६६ जिल्ला, ३७८ पालिका र १४५२ वडास्तरीय समिति छन् । विभिन्न देशमा प्रवास समिति बनेका छन् । यो फैलँदो आकारबाट त्रसितहरूले हामी गिर्दो र घट्दो क्रममा छौं भनेर श्यालहुइँया पिटेका छन् । उनीहरू झुटा प्रचार गर्दै हामी थाकिसक्यौं, हारिसक्यौं भन्छन् । र, केही हाम्रा साथीहरू तिनकै झुटा प्रचार पत्याएर हारे झैं निरास देखिन्छन् । तर, सोची हेर्नुस त, युद्ध नै लडेको छैन कसरी हारिन्छ? २०७९ को निर्वाचनमा हामीले लडेका होइनौं, हामी २०८४ मा लड्ने निम्ता मात्रै दिएका हौं । जीत-हार त २०८४ मा लडेपछि थाहा हुन्छ । हरेक दलको भाषणमा रास्वपा, विश्लेषणमा रास्वपा, बैठकमा रास्वपा, पत्रिका, रेडियो र टीभीमा रास्वपा, अफलाईन-अनलाइन, देश-विदेश आँखा खुलेदेखि बन्द नभएसम्म रास्वपा । यो रास्वपा सक्किएको संकेत हो कि रास्वपाले सक्काउने संकेत हो? इलामको उपनिर्वाचन परिणामलाई लिएर हामीमा निराशा बढेको पाएको छु । इलाममा २०७९ को निर्वाचनमा हाम्रो १,३६५ मत थियो । २०८१ मा ५०५० मत पायौं । यति छोटो समयमा झन्डै  चार गुणा मत बढाएका हामी निराश हुनु पर्ने हो कि उत्साहित ? म यसको जवाफ पनि यहि भेलाले खोज्छ भन्नेमा निश्चिन्त छु ।

मन बुझाउन होइन, इलामको हाम्रो सांगठनिक अवस्था, त्यति लोकप्रिय र सम्मानित व्यक्तिको निधन भइ उहाँकै उत्तराधिकारी उम्मेदवार हुनु, विजयी ती उम्मेदवार पनि रास्वपाले परिकल्पना गरेजस्तै नयाँ र युवा हुनु, हाम्राविरुद्ध छरिएका भ्रम चिर्न नसक्नु, अतिआत्मविश्वासका कारण हामीले नै सही रणनीति बनाउन नसक्नु लगायत कैयौं कारणहरू छन् । यसैले इलाम-२ हाम्रा लागि चिन्तनको आधार बन्न पर्छ, निराश हुनु पर्ने कारण होइन । इलामले हाम्रो टाउकोमा घण्टी बजायो । र, भन्यो- यतिले पुगेन, अझै तिक्ष्ण, चतुर र सचेत परिश्रम गर । इलाममा बस् यहि भयो ।

**प्रतिनिधि मित्रहरू,**

यो प्रतिवेदनमार्फत अरुको आलोचना भन्दा पहिला आफ्नै केही कमजोरी स्वीकार्न चाहन्छु । यति धेरै आमचासोको व्यक्ति नहुँदाको बखत कैयौं निजी मामिलालाई हल्कारुपमा लिनु र तिनको समयमै उचित कानूनी निकास दिन नसक्नु मेरो कमजोरी भयो । राजनीतिमा लाग्नुअघि नै यसरी सबै विषय वा सन्दर्भको योजनावद्ध उत्खनन र आक्रमण हुन्छ भन्ने कुराको सही आंकलन मैले गर्न सक्नु पर्थ्यो । हुन त कुनै पनि आरोप सत्य छैन । तर, जति प्रश्न उठे, त्यति पनि ठाउँ दिन हुन्नथ्यो भन्ने ठान्छु । मेरा कुनै बेलाका गैर-राजनीतिक तथा अत्यन्त व्यक्तिगत विषयको भारी सिङ्गो पार्टीले अनाहकमा बोक्नु पर्यो, यसमा म दुःखी छु । आफ्नो तागतको हेक्का नराखी बोलिएका बोली, बडेमानका आश्वासन र त्यसैको आधारमा बढेको जनापेक्षाका पहाड चढ्न हामीलाई निकै गाह्रो भएको सत्य स्वीकार्ने अवसर पनि यही हो । मान्छेका रुपमा मेरा कैयौं कमजोरी होलान् । तर, मबाट अनैतिक, असामाजिक र अराजनीतिक काम भएको छैन । राजनीति यतिसम्म निर्मम र निकृष्ठ हुन्छ भन्ने अनुमान र त्यसको पूर्व तयारी गर्न नसक्नु मेरो कमजोरी हो । यसबाट मैले सिक्नुपर्ने विषय त छदैछ, मलाई हेरेर अरु साथीहरूले पनि सिक्नु पर्ने धेरै विषय छन् । कैयौं सीमितता र कमजोरीका बाबजुद पनि मलाई निसर्त र निस्वार्थ साथ दिने रास्वपा परिवारका सबै सदस्यप्रति ऋणी छु, नतमस्तक छु र आभारी छु ।

अस्तिसम्म हामीसँग प्रमाण छ भन्नेहरू अहिले पत्रकारले खोज्दा नभेटिने ठाउँमा बस्नु परेको छ ।  सहकारीको पैसा लियो र खायो भन्नेहरूले सहकारीको पैसा लिएको चै होइन रहेछ, तर ... भन्दै बोली लरबराएको, शब्दजाल बुनेर बस्नु परेको छ । संसदीय समितिले प्रस्ट भन्यो कि, सहकारीबाट रवि लामिछानेले एक पैसा लिएको भेटिएन। अझै केही भ्रमहरू छन्, ति पनि तोडिन्छन् ।  एउटा शेयर सदस्य एवं कर्मचारीकारूपमा संस्थामा आएको पैसाको चेक काट्यो, कर्मचारीलाई तलब दियो भनेर अपराधी करार गर्न खोजिदैछ । कार्यकारी अध्यक्षले ल्याएर संस्थामा राखेको पैसाको स्रोत कुन कर्मचारीले खोज्न मिल्छ ? राज्यको सम्पति शुद्धीकरण, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्र, कर विभाग जस्ता संयन्त्रले हेर्ने कि एउटा कर्मचारीले ? यो जिम्मा नलिए तँ जेल पर्छस् भन्ने हो भने कोही किन कुनै कम्पनीको सम्पतिको जोखिम सहन जागिर खान्छ ? यसले निजी व्यवसाय चल्न सक्छ ?

कहिले मसँग प्रमाण छ भन्ने, फेरि त्यो प्रमाण गृहमन्त्रीसँग  छ भन्ने, कहिले सहकारी अपचलन भन्ने अनि फेरि गोर्खा मिडिया अपचलन भन्ने। कुरा फेर्दा फेर्दा अब एक दिन उनीहरू ग्यालेक्सी टीभी हेर्नेहरु पनि सहकारी ठग हुन्, भन्ने निष्कर्षममा पुग्ने छन् । हाल गठित सहकारी छानबिन समितिको टीओआरअन्तर्गतका सहकारी मात्रैको तथ्यांकअनुसार ८७ अर्ब रुपैयाँ अपचलन भएको छ ।

मुलधारका मिडियालाई मेरो अनुरोध छ कि, अबको सय दिन मेरो होइन त्यत्रो पैसा हिनामिना गर्नेहरुको पछि लाग्नुहोला । ८७ अर्ब अपचलनको रिपोर्टिङमा सारा संयन्त्र लगाइ दिनुहोला। एकसय दिन मलाई ‘ब्रेक दिनुस्’ ब्रेकिङ न्यूज पाउनु हुन्छ । राज्यका सारा संरचना लगाएर मलाई पुर्न सकिन्छ कि भनेर खनेको खाल्डोमा कांग्रेस आफैं खस्यो, एमाले आफै फस्यो । पार्टीको तह-तहमा बसी सहकारी ठगी गर्ने, प्रमाण नै प्रमाण भएका, विदेश भागेका, देशमा लुकेर अनुसन्धान प्रभावित पारेका, पार्टीको झण्डाले लाज छोपेकादेखि जेल छिरेका वास्तविक सहकारी ठगहरुलाई पार्टीभित्रै पालेर अरुलाई ठग भन्दै औंलो ठड्याउन सक्ने तहको प्रशिक्षण कसरी दिइन्छ, बुझिन मैले बुझाइदेउ कसैले ! सहकारी ठगीविरुद्ध संघर्ष गरिरहनु भएका

साथीहरूलाई म एक मिनेट भए पनि सोच्न अनुरोध गर्दै अपिल गर्छु कि, इमान्दार भएर भन्नुस् त यी ठूला दल र केही ठूला मिडिया तपाईंको बचत फिर्ता गर्न लडिरहेका छन् कि रवि लामिछानेलाई दोषी करार गर्न टाउको फोडिरहेका छन् ? जवाफ मलाइ दिनु पर्दैन । म त यी सारा आरोप सहेर पनि बचतकर्ताको पैसा फिर्ता गर्न लड्नेछु, सिङ्गो पार्टी लड्ने छ । साथीहरू, केही त भन्नै पर्छ भन्ने पूर्वाग्रहमा कतिपय कुरा अझै भनिने छन् । तर, तपाईहरूको सभापतिले एक पैसा खाएको छैन । यो कुरा तपाईंहरुले जहाँ पनि शिर ठाडो पारेर भन्न सक्नु हुन्छ । आरोपको यो सिलसिला निरन्तर भल्छ। र, समय क्रममा आफै हट्छ।

हामीलाई आरोपित गर्ने, हसोत्साही बनाउने, अनेकन आक्षेप र अपव्याख्याले डाम्न खोज्ने जो कोही र विशेष गरी राजनीतिको पुरानो पुस्तालाई पनि हामी घण्टी बजाएर सम्मान गर्न चाहान्छौं । किनकि, अहिलेको व्यवस्था ल्याउन उहाँहरूको सघन र अहम भूमिका छ । व्यवस्था परिवर्तन गर्न जेलनेल भोग्नु भएको छ । अनेकन पीडा, प्रताडना, हिंसा खेपेर देशलाई गणतन्त्रसम्मको यात्रामा ल्याउनु भएको छ । यो योगदानका लागि कोटीकोटी नमन् गर्दै धन्यवाद दिन्छौं । तथापी, आज सिङ्गो देशलाई साक्षी राखेर स्पष्ट र ठूलो आवाजका साथ भन्न चाहन्छु, इतिहास तपाईंहरुले कोर्नु भयो, भविष्य हामी बनाउछौं ।

## १. विगतदेखि वर्तमानसम्म

### (क) राजनीतिः षड्यन्त्र र कुशासनको सिलसिला

हरेक कालखण्डमा राजनीतिमा 'षडयन्त्र' मात्रै भयो । नेपालका शासकहरूले सत्ताको दोहन, दुरुपयोग एवं जनमतको अपमान गरे । प्रजातान्त्रिक उपलब्धी पछि पनि दलहरूले सत्ताका लागि षड्यन्त्र र जालझेलमा आफ्नो सबै शक्ति र उमेर लगाए । राजनीतिको ध्येय सत्ता र सत्ताको ध्येय नागरिकले महसुस गर्ने सुशासन, सामाजिक न्याय र विकास हुनु पर्ने हो । तर, नेपालको राजनीतिमा षड्यन्त्र मात्रै भयो । होस खुलेदेखि नै राजनीतिमा लागेकाहरूले सिकेको केवल षड्यन्त्र मात्रै हो भन्दा अत्योक्ति नहोला । सुशासन र विकास उनीहरू भन्न पनि छोड्दैन, गर्न पनि सक्दैनन् । कुनै समय गर्न चाहन्थे पनि होला । तर, अब नसक्ने भएका छन् । आन्दोलन गर्नु पर्यो, सरकार गिराउनु पर्यो, पार्टी फोड्नु पर्यो, संवैधानिक लगायतका निकायमा आफ्ना मान्छे पार्नु पर्यो, आफ्ना चन्दादातालाई नीति नै बनाएर सघाउनु पर्यो, बार्गेनिङ गर्नु पर्यो वा खुराफातजन्य काम गर्नु पर्यो भने उनीहरू सक्छन् । यी विषयहरू धागो जस्तै जेलिएर आफैमा यति जटिल हुन कि, यति गर्ने मान्छेले जीवनमा अरु केही गर्न त के, सोच्न समेत सक्दैन । यो उहाँहरूको संरचनागत डीएनए हो । यसबाट उम्किने हो भने ति पार्टीहरू नै रहदैनन् ।

तर, देश? जवाफ र समाधान खोज्न यो प्रश्न गरौं । ३४ वर्षमा देशको विकास जति हुनु पर्थ्यो त्यो भयो कि भएन? देशमा सम्भावना नदेखेर, आशा नै मारेर विदेश पलायन हुने युवाको संख्या आकाशियको छ कि छैन? प्रत्येक वर्ष आर्थिक सम्भावना खुम्चिदै जाँदा उद्योग धन्दा चौपट भएको हो कि होइन? भ्रष्टाचार बढेको हो कि होइन? उत्पादन मुलक उद्योगको आकार र रोजगारी घटेको हो कि होइन? आयात ह्वातै बढेर व्यापार असन्तुलन चर्केको हो कि होइन? अनिवार्य दायित्वसमेत आन्तरिक ऋणबाट धान्नु परेको हो कि होइन? रेमिटान्स घट्दा देश टाट नै पर्ने अवस्थामा पुगेको हो कि होइन? ३४ वर्ष हाम्रै हारहारीका कयौं छिमेकी देशहरू ४/५ गुणा बढी धनि भइसकेका छन् कि छैनन्?

अब प्रश्न आउँछ, यो सब कसले गरेको हो?

यो सब कर्ममा कांग्रेस, एमाले, माओवादी फरक-फरक समयमा दोषी छन् । सत्ता सञ्चालकका रुपमा अझै बढी कांग्रेस र एमाले दोषी छन् । अब भन्नुहोस्, एक्ला-एक्लै दोषी प्रमाणित दुई दल मिल्दा चाहिँ उनीहरू कसरी निर्दोष हुन्छन्? उनीहरू भन्छन, देशमा सुशासन भएन । आर्थिक-सामाजिक अवस्था बिग्रियो । युवा पलायन भए । उत्पादन छैन । नागरिकको स्वास्थ्य-शिक्षाको अवस्था कमजोर भयो आदि । जे-जे 'भयो- गयो-बिग्रियो' भनेका छन् । ति सब 'गर्यौं-बिगार्यौं ' भन्न सक्नु पर्थ्यो । यतिका वर्षमा भएका भ्रष्टाचारको जिम्मा यिनै ठूला दलले लिनु पर्ने होइन र?

पुराना पार्टीका कैयौं नेता-कार्यकर्ता आज अदालत धाउँदैछन्, जेलमा छन् । पहुँच पुर्याएर चोखिएका वा बचेकाहरूको त हिसाबै छैन । अबको तीन वर्ष उनीहरूको ध्यान एक-अर्कालाई कुनै हालतमा नचिढ्याउने र सत्ता टिकाउनमै केन्द्रित हुनेछ । अर्थात, चौतीस वर्षको षड्यन्त्रको निरन्तरता । दुई तिहाइको सरकार अर्काको पार्टी फोड्न, उपसभामुख फेर्न, आफ्ना नेता जोगाउन, विरोधीलाई फसाउन, सामाजिक सञ्जालमा लेख्नेलाई थुन्न केन्द्रित छ । सम्झनुहोस् त, एक्लैलाई बहुमत वा दुई तिहाइ दिने हो भने यिनले के-के गर्ने रै'छन्! यिनका प्राथमिकता के-के रहेछन् । षड्यन्त्र, षड्यन्त्र अनि षड्यन्त्र मात्रको सिकाइ, अभ्यास र सोचले देश समस्या नै समस्याको चाङमा छ । सत्ता प्राप्त गर्न, टिकाउन र गुमेको खण्डमा पुनः प्राप्त गर्न नै सारा जीवन खेर गएको छ । आज नेपाली कांग्रेसका सभापति चिढिएको एक मिनेटमा सरकार ढल्छ । यो कुरा बुझेरै हुनुपर्छ, सत्ता साझेदार रिझाउन एक महिलालाई महाअभियोगको डन्डा देखाउने, अर्को महिलालाई प्रधानमन्त्रीको झण्डा देखाउने 'ट्रयल कार्ड' सरेयाम बाँडियो।

दुई शक्तिशाली दल मिलेर सरकार बनाएको सय दिन नपुग्दै मञ्चन गर्न खोजीएको यो तहको षड्यन्त्रले बुझ्ने गरी भन्छ, राष्ट्रका प्राथमिकता र यिनको प्राथमिकतामा आकाश-जमिनको अन्तर छ । वर्तमान सरकारको दुई तिहाइ मतले देशको हुर्मत लिनेमा शंका छैन । मात्र कति कम क्षतिमा हाम्रो प्राण जोगिन्छ, हेर्ने त्यति हो ।

ठूला दलको सरकार बन्दा क्याम्पसमा लागेको ताला खुल्नु पर्थ्यो । तर, दुर्भाग्य अब एउटाको ठाउँमा दुईवटा ताला लाग्ने स्थिति बन्यो। शिक्षालयमा लागेको ताला उनीहरुको विवेकमा लागेको ताला हो। जुन नखुली देशको भविष्यको ढोका खुल्दैन। देशको भविष्य माथि लाइएको ताला हामी अब हेरेर बस्दनौं, तोड्छौ- फोड्छौ। उनीहरू त्यहाँ भोट देख्छन्, हामी त्यहाँ बेइमानी र खोट देख्छौं। यस देशका शिक्षक, प्राध्यापकको हकहितको संरक्षण कुनै अमुक दल र दलको नेताले होइन देशको नीतिले गर्नुपर्छ। हाम्रो शिक्षा नीतिले सबभन्दा पहिला विद्यार्थीको हित हेर्छ र यसो गर्दा शिक्षक तथा कर्मचारीको हकअधिकारको सम्मान एवं आर्थिक सामाजिक सुरक्षाको ग्यारेन्टी गर्छ। राजनीति एउटा चुनावबाट अर्को चुनावका लागि होइन, एउटा पुस्ताबाट अर्को पुस्ताका लागि गरिनुपर्छ। देशलाई यो दलदलबाट निकाल्ने उपाय हामीसँग छ । निराशा समस्याको समधान हैन । अध्यारोलाई सरापेर वा गाली गरेर अध्यारो हट्दैन । अध्यारो हटाउन उज्यालो बाल्नुपर्छ । समस्या मात्रै देखाएर भाग्ने हाम्रो नियत होइन, हामी समाधानमा पनि प्रष्ट छौं ।

**(ख) दुई वर्षः सिकाईको परिस्कृत अभ्यास**

संसदीय फाँटमा जुन रफ्तारले आफूलाई स्थापित गर्यौं, पार्टीको सांगठनिक क्षेत्रमा सकेनौं । पार्टीका संरचना निर्माण र विस्तारमा अलमलमा पर्यौं । दुई वर्षको बीचमा पार्टी सबै पालिका र वडातहमा पुगिसक्नु पर्ने थियो । तर, पुर्याउन सकेनौं ।

राजनीतिक-सांगठनिक प्रशिक्षण दिन नसक्दा वा पार्टी काममा लाग्ने गरी 'अभियान' दिन चुक्दा बनेका कैयौं सदस्य र समिति पनि निश्क्रिय रहेका छन्।

सांगठनिक स्वरुप र ढाँचाको अन्यौल, पार्टी विस्तारको सुस्त गति, परिभाषित कार्यक्षेत्र र जिम्मेवारीको अभाव, कमजोर समानुपातिक-समावेशी प्रतिनिधित्व, केन्द्र नियन्त्रित सांगठनिक संरचना, तदर्थवादको संस्थागत सुरुवात, लोकप्रियतावादप्रतिको रुची, हामी लक्षित तथाकथित विभिन्न प्रकरण र ति प्रतिको निम्छरो प्रतिवाद, कमजोर आन्तरिक सूचना प्रणाली एवं नेता-सदस्यबीचको दोहोरो अन्तरक्रिया अभाव पनि हाम्रा कमजोरी हुन्। हामीले आफूलाई फरक हौं त भन्यौं। तर, विभिन्न 'धार'बाट एकत्रित हुनेले पुरानै विचार र दृष्टिकोणको धङधङी कायम राख्दा र कतिपयको गैर-राजनीतिक पृष्ठभूमि हुँदा हामीले अझै 'रास्वपा डीएनए' स्थापित गर्न बाँकी छ। एक-दुई अपवादलाई छोडेर २०७९ को चुनावमा पार्टीको एक इसारामा तन, मन र धन लगाएर चुनावमा होमिएका १३१ प्रत्यक्ष तथा ११० समानुपातिक उम्मेदवारको क्षमता सदुपयोग गर्न नसक्नु हाम्रो ठूलो कमजोरी हो। घण्टी बोक्ने एकजना पनि नहुँदा समेत एक्लै चुनावमा होमिएका साथीहरू रास्वपाका अमूल्य सम्पत्ति हुन्। यति स्वीकार्न यति धेरै समय लाग्नु हुन्नथ्यो।

पूर्वमहामन्त्रीबाट भएको विश्वासघातले पनि सदस्य, समर्थक र शुभेच्छुकलाई क्षणिक रुपमा चिन्तित बनाएको हुन सक्छ। त्यो हदको उद्दण्ड गैरजिम्मेवारी प्रति खेद व्यक्त गर्दै पार्टी पंक्तिप्रति लगाइएको लान्छना र तल्लोस्तरका सबै टिप्पणी यही राष्ट्रिय भेलामार्फत खारेज गर्ने प्रस्ताव गर्छु। यस प्रकरणले हामीलाई बेलैमा पात्र र प्रवृत्ति चिन्न सजग गराएको छ।

दुई वर्षको बीचमा हामीले अभूतपूर्व सफलताका साथ केही कमजोरी पनि गरेका छौं। सफलताको बढाई-चढाई चर्चा गर्ने तर कमजोरी लुकाउने प्रवृत्तिले यथास्थितिबाट बाहिर निस्किन दिंदैन। त्यसैले, पार्टीमा देखिएका आन्तरिक समस्या, सांगठनिक गतिहिनता, पार्टी पंक्तिमा बढेको अन्यौल र नागरिकमा पनि बढेको संशय अन्त्यका लागि निर्मम आत्मसमीक्षा आवश्यक छ। व्यक्तिगत आग्रह र पूर्वाग्रह तथा राजनीतिक छिनाझपटी र प्रतिस्पर्धाभन्दा माथि उठेर बेलैमा समीक्षा र त्यसबाट प्राप्त हुने निष्कर्ष आत्मसात् गर्न सकेनौं भने हामी पनि उद्देश्यमा पुग्न सक्दैनौं। मूल नेतृत्वका रुपमा केन्द्रीय समितिमा गम्भीर आत्मसमीक्षा गराउने प्रतिवद्धता व्यक्त गर्दछु। र, आउँदो महाधिवेशनसम्म सबै तहगत समितिले एजेण्डाकै रुपमा आत्मसमीक्षा गरी उपल्लो समितिमार्फत केन्द्रमा 'फिडब्याक' पठाउन प्रस्ताव गर्दछु।

**(ग) सरकार सहभागिताः 'जालो' चिर्ने प्रयास**

रास्वपाले पाएको जनमत सरकारमा जानका लागि थिएन, रचनात्मक प्रतिपक्षकै लागि थियो। तर, हामी दुईपटक गरी करिब पाँच महिना सरकारमा रह्यौं। 'म्यान्डेट' बिना त्यो पनि पुरानै दलहरूसँग मिलेर सरकारमा जानुलाई हाम्रै सदस्य र शुभेच्छुकले पनि निको मानेनन्। जनस्तरले त खरो टिप्पणी गर्यो, प्रश्न गर्यो। जनस्तरको टिप्पणी/प्रश्नलाई हामीले अत्यन्तै सकारात्मक रुपमा ग्रहण गर्नुपर्छ, गरेका छौं। तर, अलिकति फरक ढंगले हेरौ है त।

सरकारमा सहभागी हुनु हाम्रो रणनीति हो। सरकारमा जानु हुन्न, प्रतिपक्षमै बस्नुपर्छ भन्नलाई त खासै सोच्न पर्दैन। यो जति सजिलो विश्लेषण अरु के हुन सक्ला र? निरन्तर चलेका अभ्यासले यसै भन्छ। हामी राजनीतिक रुपमा प्रशिक्षित छैनौं।

त्यसैले के रणनीति हो र के पदलोलुपता हो भन्ने बुझाउन सकिएको छैन । पार्टी सभापतिका रुपमा धेरै कुरा सार्वजनिक गर्नु पार्टी रणनीतिविरुद्ध हुन्छ । तर पनि थोरै जानकारी गराउन उपयुक्त ठानेको छु ।

पुरानाहरूसँग राजनीतिक मैदानमा भिड्न हामीले टीभीमा हेरेका, रेडियोमा सुनेका र पत्रपत्रिकामा पढेका आधार मात्र पर्याप्त हुँदैनन् । वर्षौंको अराजनीतिले सिर्जना गरेको भ्रष्टाचार र यसमा बिचौलियाको सेटिङबारे बोल्न परे म अर्को विश्व रेकर्ड राख्न सक्छु । तर, तिनलाई चिन्न र तिनको जालो चिर्न हामी सिंहदरबार गएका हौं । एक पार्टीका नेता स्वयमले एउटा टेलिभिजन अन्तर्वार्तामा यसबारे बुझेर बोल्नु भएको छ कि, 'रविजी अर्को दुई महिना गृहमन्त्री रहेको भए के हुन्थ्यो होला?' अर्को पार्टीको नेताले समेत कुरा बुझेर दिएको सार्वजनिक अभिव्यक्ति मनन् गर्न आग्रह गर्छु ।

फेरि पनि प्रश्न आउँछ, सरकारमा किन गएको? चुनाव लड्दा जे गर्छु भनेर सबैभन्दा ठूलो स्वरले भनियो सरकारमा त्यही गर्न गएको अनि सरकारमा गएर त्यो भटाभट गर्न सुरु गरेको । जसबाट आत्तिएर दुई ठूला पार्टी मिले । न कुनै महामारी, न कुनै आक्रमण, न कुनै प्राकृतिक विपत्ति, न कुनै आन्दोलन, दुई दल किन मिले? त्यो पनि यति हतार र हतासमा! हामी सरकारमा गएको किन र गएर के गर्यौं भन्ने कुरा पुष्टि गर्ने यो भन्दा ठूलो दृष्टान्त अरु के हुन सक्छ? हाम्रो खेलकुदमन्त्रीका कैयौ निर्णयले खेल जगतमा इतिहास रचेको छ । शिक्षामन्त्रीका प्रयासको चर्चाले मात्रै पनि आमयुवामा राजनीतिप्रतिको आशा जगाएको छ । श्रममन्त्रीका प्रयासले करोडमा होइन, अर्बमा राज्यकोषको पैसा जोगिएको छ । हामी पनि पदका लोभी भयौं भन्ने आरोप पनि बेला-बेला लगाइन्छ । यो आरोप अझै बढी म माथि लगाइएको छ । यदाकदा सुनिन्छ कि गृहमन्त्री पायो भने यसलाई केही चाहिन्न । पदलोलुप रहेको भए प्रधानमन्त्री बन्ने प्रस्तावलाई किन नकार्थे होला र? पदलोलुप मान्छेले देशकै सर्वोच्च पद कार्यकारी प्रधानमन्त्री हुने प्रस्ताव छोड्छ?

**प्रतिनिधि मित्रहरू,**

व्यक्तिगत सफलतामा नाच्न मसँग थुप्रै कीर्तिमानका गीत छन् । व्यक्ति सफल भएर के काम, जब सिङ्गो समाज नै ओरालो लाग्दै छ भने! सिङ्गो देश रुपान्तरणमा हिंडेका मान्छेलाई पदलोलुपको आरोप थोरै अन्यायपूर्ण हुन्छ कि? पार्टी शुभचिन्तक तथा आम जनमानसलाई हामी सरकारमा गएको भन्दा पनि तिनै पुराना नेतासँग सँगै उभिएको मन नपरेको हो । सरकारमा गएर हामीले गरेका नराम्रा कामको सूची मागौं त, भेटिन्छ? पक्कै भेटिदैन । नत्र अहिलेसम्म ति समाचारभरि छरिएका हुन्थे । यसले सबै प्रष्ट हुन्छ । नागरिकमा एउटा सन्देश जानु पर्थ्यो, अर्कै गयो । जानु पर्ने चाहिं के थियो भने, स्थानीय सरकारमा बालेन गोपी, हर्क र केन्द्रमा रास्वपाका हामी । परिवर्तनको यति ठूलो घण्टी बजेको सन्देश, किन यति सानो आवाजमा बज्यो? यति ठूलो सन्देश सहि ढंगले जानै सकेन । आज म यसै प्रतिवेदनमार्फत सन्देश दिन चाहन्छु, यी सबै नयाँ शक्तिहरू इमानदार प्रयास गरेर एक भए भने देशका कैयौं सपना एकै झड्कामा पूरा हुन्छन् । यस्तो सहकार्यका लागि रास्वपा मन, वचन र कर्मले तयार छ ।

## २. वैचारिक आधार र सांगठनिक संरचना

### (क) सिद्धान्त र विचारमा हाम्रो स्पस्टता

अधिकांश पुराना राजनीतिक दलका नेता/कार्यकर्ता तथा कतिपय स्वघोषित बुद्धिजीवि र टिप्पणीकार रास्वपालाई दर्शन, सिद्धान्त र विचारविहीन दलको रुपमा प्रचार गर्थे, गर्दैछन् । जलेश्वर बैठक (मंसिर ११-१३, २०८०) बाट पारित 'नीति-विचार प्रस्तावना' ले हाम्रो अर्थ-राजनीतिक धरातल सुस्पस्ट पारेको छ । हामी 'वाद' सँगै कर्म, 'सिद्धान्त' सँगै इमान र 'विचार' सँगै

विवेकको बलमा मुलुकको रुपान्तरणलाई गति दिलाउन सकिन्छ भन्ने विश्वास गर्छौं । हामीले राष्ट्र र नागरिक एवं तिनको हितभन्दा माथि 'वाद' हुन्छ भन्ने कल्पना गरेका छैनौं । यो देश वर्षौंसम्म यथास्थितिमा रहनुको मूल कारण 'वाद' होइन 'विवाद' हो भन्ने सत्य स्वीकारेरै हामीले 'वाद' को विस्तारित व्याख्या गर्दै त्यसको सार्थकता आम जनताको जीवनस्तर र मुलुकको समग्र उन्नतिसँग जोडेका छौं । वाद, विचार, आदर्श, दर्शन बिनाको राजनीतिक दल हुँदैन । हाम्रो विचार-सिद्धान्त बाँकी सबैको भन्दा कम उन्नत छैन । फरक यति हो कि हामी विचार-सिद्धान्तका बाँसुरी फुकेको फुकै गर्न चाहदैनौं । यद्यपी, लोकतान्त्रिक प्रतिस्पर्धा, संवैधानिक सर्वोच्चता, शक्ति पृथकीकरणको सिद्धान्त, विधिमा आधारित सुशासन, समता, समानुपातिक-समावेशी प्रतिनिधित्व, व्यक्तिगत स्वतन्त्रता र मानवअधिकार, सामाजिक न्याय सहितको उदार अर्थतन्त्र, निजी उद्यम र लगानी अनुकूल लोककल्याणकारी राज्य र स्वच्छ नियमनकारी संरचना लगायतका विषयमा हामी प्रतिवद्ध छौं ।

जलेश्वर बैठक (मंसिर ११-१३, २०८०) बाट पारित 'नीति-विचार प्रस्तावना'मा 'शान्तिपूर्ण मार्गबाट नै समाजवादका प्रधान लक्ष्यहरू संविधानमा निर्दिष्ट गरी तदनुकूल राष्ट्रिय नीति तथा कार्यक्रमका आधारमा राज्य सञ्चालनको अठोटलाई संवैधानिक समाजवादको रुपमा व्याख्या गर्दै अप्रिय ऐतिहासिक विरासतका रुपमा विद्यमान लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीयलगायत सबै प्रकारका संरचनात्मक विभेदविरुद्ध निर्णायक सम्बोधन गर्न अवसरहरूको न्यायिक वितरण, पहुँच र उपयोगमा जोड दिइने' भनिएको छ ।

यहाँका लोकतान्त्रिक र वामपन्थी भनिने दलले भन्दा निकै कदम अगाडि बढेर हामीले प्रत्यक्ष सहभागितामूलक समावेशी लोकतन्त्रको मुद्दा उठाएका छौं । लोकतान्त्रिक मुलुलको एउटा राजनीतिक दलले लोकतन्त्रका आधारभूत चरित्रमा पूर्णप्रतिवद्धता जनाएर शान्तिपूर्ण मार्गबाट राजनीतिलाई नागरिक सेवाको अवसरका रुपमा ग्रहण गर्छु भनेर प्रष्ट पारिसक्दा पनि वाद, सिद्धान्त र विचारको प्रश्न किन हो, मैले बुझ्न सकेको छैन ।

वर्तमान संविधानले हाम्रा सबै एजेण्डा सम्बोधन गर्दैन । हाम्रा एजेण्डा सम्बोधन गर्न संविधान संशोधन होइन, पुनर्लेखन नै गर्नुपर्छ । हामीले प्रत्यक्ष निर्वाचित कार्यकारीसहितको शासकीय स्वरुप, संघीयताको चुस्त ढाँचा, संसदको आकार र प्रतिनिधित्वलगायत विषयमा फरकमत र मान्यता राखेका छौं । चुनावबाटै आवश्यक संख्या पुर्याएर संविधान संशोधन गर्ने सामर्थ्य नपुग्दासम्म विद्यमान अभ्यास र विधिभित्र रहेरै हाम्रा एजेण्डा जनताबीच लैजान्छौं । हामीले व्यवस्थाको विरोध गरेका छैनौं । व्यवस्थाभित्रका विकृत पात्र र प्रवृत्तिको मात्रै विरोध गरेका हौं । हामीले त यो व्यवस्थालाई देशको सामर्थ्य अनुसार क्रमशः उन्नत बनाऔं भनेका हौं, त्यो पनि जनमतको वैधानिक बलमा । यो व्यवस्थामा अरुले वैधानिक बाटोबाट सत्तामा गएर आफ्ना एजेण्डा लागू गराउछु भन्न पाउने, हामीले चाहिँ नपाउने हो र? यति सुविचारित बिषयको आधार, योजना, प्रक्रिया र गन्तव्यलाई वाद, सिद्धान्त र नीति छैन भन्नु सहि विश्लेषण बन्छ र ?

नीति-विचारको विस्तृत दस्तावेज यसै भेलामा प्रस्तुत भइसकेको छ ।

**(ख) सांगठनिक संरचनाः मिश्रित अवधारणा**

नागरिकले विश्वास गरेअनुसार हामी प्रत्यक्षरुपमा उनीहरू बीच पुग्न सकेनौं । र, पार्टी विस्तार एवं सुदृढीकरणमा कमजोर भयौं । पुराना दलको विकल्प हुन्छौं र तिनले थुपारेका विकृति अन्त्य गर्छौं भनेका हामीले 'ग्रासरुट'मा गएर संगठन निर्माण गर्न सक्नु पर्थ्यो । तर, हामी कस्तो संगठन चाहिन्छ भन्ने बहस र प्रयोगमा दुई वर्ष बितायौं ।

विचारका आधारमा एकीकृत गरी औपचारिक शक्ति बनाउन, नीति, योजना र कार्यक्रम तय गरेर प्रभावकारी कार्यान्वयन गर्न, विविध विचार र क्षमताको संयोजन र क्षमता र रुची अनुसारको जिम्मेवारी बाँडफाँट गर्न तथा विचार/नेतृत्वको विकास र रक्षा गर्न संगठन चाहिन्छ। गलत पात्र र प्रवृत्तिको पहिचान र नियन्त्रण गर्न, सूचना आदान-प्रदानलाई व्यवस्थित बनाउन, जनपक्षीय र अग्रगामी मुद्दामा संस्थागत पैरवी एवं सामुहिक सौदाबाजीको क्षमता बृद्धि गर्न र नागरिकस्तरमा दोहोरो संवादसहित सामुहिक अपनत्व लिन पनि संगठन नै चाहिन्छ। तर, हाम्रो सांगठनिक स्परुप र संरचना कस्तो हुने भन्नेबारे दस्तावेजहरूमा कतै प्रष्ट उल्लेख छैन, विधानमा समितिगत र विभागीय ढाँचा मात्रै उल्लेख छ।

जुनसुकै पार्टी पूर्णतः 'क्याडरबेस' केन्द्रित हुनु भनेको पार्टीलाई भार हो। किनकि, तिनको व्यवस्थापन पनि अन्ततः पार्टीसँगै जोडिन्छ। पूर्णत 'मासवेस' बनाउँदा पनि पार्टीको खास सांगठनिक संरचनाको पहिचान स्थापित गराउन गाह्रो हुन्छ। र, सदस्यहरूमा जिम्मेवारीबोध वा अपनत्व हुँदैन। सदस्य पनि मतदातामा मात्रै सीमित हुन्छन्। त्यसैले हामी मिश्रित प्रणालीमा जाँदा उपयुक्त हुन्छ कि भन्ने मेरो बुझाई छ। जस्तोः केन्द्रीय समिति र विभाग तथा प्रदेश समिति/विभाग सानो, जिल्ला, पालिका र वडास्तरीय समिति अलि ठूलो र निर्वाचन क्षेत्र समितिलाई समन्वयात्मक बनाउने।

पार्टीको सांगठनिक सिद्धान्त र स्वरुप, तहगत संरचना र अन्य वैधानिक प्रबन्धको विस्तृत विवरण विधान संशोधनको अलग्गै प्रस्तावमा उल्लेख छ।

**(ग) अभियान र संगठनको तादम्यता**

जुनसुकै पार्टी नीति-विचारको मन्थन, सांगठनिक संरचनाको अभ्यास, नेता/सदस्यको सोच र कार्यशैलीमा परिस्कृत हुँदै जाँदा क्रमशः परिपक्व हुन्छन्। यि सबै विषयमा सिकाईको प्रारम्भिक चरणमा रहेकाले रास्वपा पार्टी बन्ने प्रक्रियामा छ। हामीलाई पार्टी बन्न समय लाग्छ। कैयौं दशक पनि लाग्न सक्छ। त्यसैले केही समय हामी अभियानको रुपमा नै विस्तार हुन्छौं। स्वतन्त्र र योग्य व्यक्तिहरू समाहित हुने अभियान। पार्टीका सदस्य वा शुभेच्छुक नभएकालाई पनि खोजेर जोड्ने क्रम प्राथमिकतामा पर्ने अभियान। कुनै दलमा नजोडिएकै कारण राज्यको नजरमा पर्दिन कि भन्ने मान्यताबाट निराश भएका सबैलाई आशा जगाउने र यथोचित भूमिका दिने अभियान। हामी सदस्यता वितरण मात्रै  हैन, विज्ञता आर्कषणको माध्यम अवलम्वन गर्छौं। सदस्य बनाउने र बढाउने होडबाजी गर्दैनौं। केही योग्य र स्वीकार्य सम्पर्क व्यक्तिको छनोट गरी सूचना संवाहन तथा आवश्यक समन्वयको जिम्मेवारी विनियोजन गर्छौं। स्थानीय तहमा पार्टीको राजनीतिक प्रकृतिका संगठन बनाउदैनौं। बरु पार्टीको वडा र पालिकाको संरचनाले नै छाया सरकार निर्माण गरी स्थानीय सरकारलाई खबरदरी गर्छौं। केन्द्रको संसदमा हुने गर्जन अब स्थानीय स्तरमा पनि देखिने छ। सार्वजनिक आव्हानमार्फत इच्छुक र आगामी निर्वाचनमा आकांक्षी नरहन प्रतिवद्धमध्ये केहीलाई आर्दश प्रतिनिधि छनोटका लागि सहयोग गर्ने गरी सानो समितिमा जिम्मेवारी दिनु भने आवश्यक हुन्छ नै, हामी त्यो बनाउछौं। आर्दश प्रतिनिधि खोजी र निर्माणमा उहाँहरूको साथ र सहयोगको लागि अपिल गर्छौं। यसैका लागि हामीले उम्मेदवार क्लब र लिडरसिप एकेडेमीलाई फरक राजनीतिको कोशेढुंगा मानेर विकसित गर्ने नीति ल्याएका हौं। हाम्रा कुनै पनि भ्रातृ संगठन हुने छैनन्। हामी सबैले राजनीति गर्ने र कसैले आफ्नो काम नगर्ने प्रवृत्ति फेर्ने अभियानमा छौं। निर्वाचन प्रयोजनका लागि आवश्यक संगठनात्मक स्वरुप ग्रहण गरे पनि व्यवहारगत कार्यमा एक सुदृढ अभियानमार्फत नागरिक समक्ष आफूलाई प्रस्तुत गर्नेछौं। 'थोरै  नेता, धेरै जवाफदेहीता' हाम्रो नीति हुनेछ।

### (घ) अन्तर्राष्ट्रिय परिवेश

एकछिन अब अन्तर्राष्ट्रिय राजनीतिको पनि कुरा गरौं । विश्वका अनेकन देशहरू एकपटकको राजनीतिक क्रान्तिपछि आर्थिक उन्नयन र विकासमा समाहित भए । कतिपय देशमा दुईसय वर्ष पहिले लिपिवद्ध भएको संविधान आज पनि प्रयोगमा छ । कहिँ त लिखित संविधान पनि छैन, नजिर र संस्कारले धानेको छ, विधिको शासन । हामी भने एकपछि अर्को राजनीतिक आन्दोलन, व्यवस्था परिवर्तन र संविधान लेखन वा पुनर्लेखनको विवादमा अलमलिएका छौं। नीतिभन्दा नियतको कमजोरी रहेको हाम्रो राजनीतिको सही व्याख्या गर्न र अन्तर्राष्ट्रिय राजनीतिबाट प्रशस्त दीक्षित हुन अनिच्छुक देखिन्छौं ।

१९औं शताब्दी युरोप र २०औं अमेरिका केन्द्रित थियो । २१औं शताब्दी एसिया केन्द्रित हुँदैछ। सन् १९४५ पछि दुईध्रुवीय हुँदै सन १९९० पछि एकध्रुवीय भयो भनिएको विश्व राजनीति र शक्तिको समीकरण अहिले बहुध्रुवीय  भैसकेको छ । हामी विश्वको अति रणनीतिक ठाउँमा छौं । चीन र भारत हाम्रा दुई छिमेकी मात्र होइनन, संसारको परस्पर विपरीत शासकीय व्यवस्था र राजनीतिक विचार भएका एकदलीय समाजवादी र बहुदलीय प्रजातन्त्रका अग्रणी राष्ट्र पनि हुन् । संसारका सबैभन्दा ठूला जनसंख्या अनि अबको केही समयमा विश्वकै ठूला तीन आर्थिक शक्ति मध्येका दुई हुनेछन् । नेपालको विकास र स्थायित्व यी दुबै देशको पनि सामरिक हितभित्रै पर्दछ । हामीकहाँ अस्थिरता हुनु, असमानता चर्कनु वा गरिबी बढ्नुले छिमेकमा पनि प्रतिकूल असर पर्छ । नेपाल कमजोर भएमा घुसपैठ गरेर उनीहरुविरुद्ध हुन सक्ने अन्य पक्षको अवान्छित क्रियाकलापबारे छिमेकीहरु चनाखो हुन्छन् । त्यसको मुकाविला गर्नसमेत स्थिर र बलियो नेपाल अपरिहार्य छ ।

यसरी, नेपाल बनाउन हाम्रा उदाउँदा विशाल छिमेकको सहयोग र सद्भाव लिनुनै पर्नेछ भने हामी बलियो हुँदा उनीहरूले पनि सुरक्षित महसुस गर्नेछन् । त्यहाँको द्रुततर विकासको राज पत्ता लगाएर त्यसलाई अनुकरण र अनुशरण गर्दै जानुपर्छ । दुवै देशको राजनीतिसँग नजिक र विश्वासको वातावरण हाम्रो अन्तर्राष्ट्रिय अर्थ-राजनीतिको मुख्य चासो बन्नुपर्छ । भारत र चीनसँगको सम्बन्ध कसिलो बनाउँदै गर्दा उनीहरुप्रतिको अधिक निर्भरता नहोस् भन्नेप्रति पनि हाम्रो ध्यान जान जरुरी छ । 'छिमेक पर'को नीति पनि हामी अंगाल्नेछौं । लगानी, पर्यटन, व्यापार, सहुलियतपूर्ण वित्तीय स्रोतको विविधीकरण र व्यापकीकरण गर्न अन्य पूर्वी एसियाली राष्ट्र र खाडी मुलुकहरु, युरोप, जापान र अस्ट्रेलियासँगको सम्बन्ध पनि आत्मीय हुन आवश्यक छ । परराष्ट्र मामिलाको मुटुमा हाम्रो आर्थिक हित राख्ने र नवीन प्रविधि एवं जलवायु कुटनीतिजस्ता विषयलाई परम्परागत दौत्य सम्बन्धसँग गाँस्दै अघि बढ्ने फराकिलो विदेश नीतिको सिर्जनशील अभ्यास राष्ट्रिय स्वतन्त्र पार्टीले गर्नेछ ।

## (३) हाम्रा ऐजेण्डाः सुधार- सोचदेखि शासनसम्म

### (क) शासकीय सुधार

संविधान शंसोधनको मुद्दाबारे चर्चा हुँदा हामी यसबाट बिल्कुल त्रसित छैनौं । किनकि, शासकीय स्वरुपमा हाम्रा कैयौं विमति छन् । संविधान संशोधन वा दुई तिहाइ हुँदा हाम्रा माग र मुद्दा स्पष्ट पार्न चाहन्छु ।

(क) स्वतन्त्र, गैरदलीय र प्रतिष्ठित व्यक्ति राष्ट्रपति । निर्वाचन अगावै हाम्रो पार्टीबाट सिफारिस हुने राष्ट्रपतिको नाम सार्वजनकि गरिनेछ । राष्ट्रियसभा अध्यक्ष नै उपराष्ट्रपति ।

(ख) प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री । प्रधानमन्त्रीले आफ्ना मन्त्री योग्य र विषय विज्ञ नेपाली नागरिकबाट छान्न पाउने व्यवस्था ।

(ग) राष्ट्रियसभालाई राष्ट्रिय एकता झल्किने गैरदलीय र समावेशी 'विद्वत सभा' बनाइनेछ ।

(घ) प्रदेशसभा खारेज गर्दै स्थानीय तहका जनप्रतिनिधि सम्मिलित प्रदेश परिषदलाई नै विधायकी अधिकार दिन सकिने उन्नत विकल्पबारे छलफल सुरु गरिनेछ । साथै, विज्ञले नेतृत्व गर्ने गरी प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीसमेत गरी पाँच वटा प्रदेश मन्त्रालय रहने व्यवस्था, बहुआयामिक पहिचान झल्काउने ७ वटा प्रदेश कायम राख्दै स्थानीय पालिकाहरुको संख्या भने ५ सयभन्दा मुनि झारिनेछ । यसरी बलियो संघीय सरकार र विस्तारित स्थानीय पालिकाहरूको बीचमा छरितो समन्वयकारी प्रादेशिक तहबारे बहस सुरु गर्ने प्रस्ताव राख्न चाहन्छु । अहिले कै ढंगको खर्चिलो, बोझिलो र प्रणालीविहीन प्रदेश संरचना कुनै हालतमा स्वीकार गर्न सकिदैन। विशेष गरी मधेस र कर्णालीसँग पर्याप्त छलफल नगरी 'कस्तो प्रदेश' भन्ने निष्कर्षमा पुग्न पनि सकिदैन । पहिलो महाधिवेशनसम्ममा पार्टी यसमा थप प्रष्ट र स्पष्ट हुनेछ ।

(ङ) स्थानीय तहमा हामीले विभिन्न क्षेत्रका विज्ञको एउटा अब्बल समूह विजयी गराउनु पर्नेछ । जसले सम्बन्धित तहमा समग्र क्षेत्रको पुनःनिर्माण गर्न सकोस् । रास्वपाबाट घण्टी बाहक भई स्थानीय तहको निर्वाचनका विजेता जनप्रतिनिधिलाई पार्टीको भारीबाट मुक्त गर्नेछौ । लिडरसिप एकेडेमीबाट प्रशिक्षित नभई चुनाव लड्न पाइने छैन । यसरी प्रशिक्षित भई चुनाव जितेपछि स्थानीय तहको त्यो उम्मेदवार ततपश्चात तत्काल स्वतन्त्र रहनेछ। उनीहरुलाई बिना हस्तक्षेप निर्वाध काम गर्न दिने गरी पार्टीले निर्णय गर्नेछ । पार्टीले योग्य उम्मेदवार तयार गर्न नसकेमा हामी गैरदलीय योग्य उम्मेदवारलाई सघाउन सक्नेछौं। स्थानीय तहमा राजनीतिक दलका आधारमा नभई स्वतन्त्र र योग्य व्यक्तिबीच नेतृत्व क्षमता र परिणाम दिन सक्ने सम्भावनाका आधारमा गैरदलीय निर्वाचन गर्ने पद्दती अबलम्वन गर्नु पर्ने हो कि भन्ने कोणबाट पनि केहि तर्क सुझावका रुपमा आइरहेका छन् । यो सुझाव उपर पार्टीका सबै तहमा व्यापक छलफल गर्न सकिनेछ ।

स्थानीय निर्वाचन १६, मंसिर २०८१ का लागि घोषणा गरिएको छ । त्यस बेलासम्म हाम्रो योजनाको लिडरसिप एकेडेमीबाट योग्य उम्मेदवार तयार हुने सम्भावना कम भएकाले सो निर्वाचनमा हामी आफ्नो उम्मेदवार उठाउने, योग्य गैरदलीय स्वतन्त्र उम्मेदवारहरुलाई घण्टी चिन्ह दिने वा कुनै गैरदलीय स्वतन्त्र उम्मेदवारलाई समर्थन मात्र  दिने मध्ये एक विकल्प छान्न सक्नेछौं। तयारी र योग्यता पुगेको उम्मेदवार बिना चुनावमा सहभागी हुनु कदापि ठीक हुँदैन । सके हाम्रोले नसके स्वतन्त्र राम्रोले जित्नु पर्छ भन्ने प्रस्ताव यो भेलामा राख्न चाहन्छु ।

(च) विदेशमा रहेका नेपाली नागरिकले भोट हाल्न पाउने कानून बनाउन अझै सक्रियताका साथ लाग्ने छौं । यसका साथै अब हामी विदेशमा रहेका नेपाली नागरिकलाई पनि समानुपातिक निर्वाचनको उम्मेदवार बनाउने छौं । विदेशमा रहेर विशिष्ट योगदान गरेका र स्वदेश फर्किएर मुलुकको रुपान्तरणमा योगदान दिन इच्छुक अब्बलहरुलाई समानुपातिक निर्वाचनतर्फको दस प्रतिशतसम्म सिट सुरक्षित गर्ने छौं ।

(छ) राज्यका हरेक निकायमा खुला प्रतिस्पर्धाको आधारमा क्षमतावान व्यक्तिको करार नियुक्ति, मनोनयन वा सिफारिस गर्ने छौं।

**(ख) निर्वाचन प्रणाली: पूर्णसमानुपातिक**

अहिलेको निर्वाचन प्रणालीले कहिँ पुर्याउँदैन। निर्वाचन जित्न ४२ करोडसम्म खर्च भएको दावी गर्ने सांसद भेटेको छु। हार्ने अन्य उमेदवारले पनि ५/१० करोड सजिलै खर्च गरेकै होलान्।

टिकटदेखि मतसम्म किन्न पैसा खर्चिने उम्मेदवारले विजयी भएपछि लगानी उठाउन गर्ने अनैतिक क्रियाकलापले राजनीतिलाई विकृत र अविश्वसनीय बनाएको छ। एक निर्वाचन जितेपछि अर्को निर्वाचन जित्नका लागि पैसा थुपार्नु पर्ने बाध्यताले पार्टी र उम्मेदवारले राजनीतिक र नैतिक इमान्दारिताको सबै सीमा मिच्ने गर्छन्।

राजनीतिको यो विकृति अन्त्यका लागि प्रतिनिधिसभाको निर्वाचनलाई पूर्णसमानुपातिक प्रणालीमा लैजानुपर्छ। अहिलेको निर्वाचन प्रणाली अत्यन्तै महंगो भयो। निर्वाचन लड्नका लागि पुराना पार्टीमा टिकट पाउन समेत करोडौं खर्च गर्नुपर्छ भन्ने सुनिन्छ। टिकट पाएपछि पनि निर्वाचन प्रयोजनमा १०औं करोडसम्म खर्च भएका सूचना सार्वजनिक सञ्चारमा आएकै छन्। पराजित भएका सबै प्रत्यासीको कूल खर्च विजयीको भन्दा कयौं गुणा बढी हुन सक्छ। के अब यो निर्वाचन प्रणाली बोकी राख्नु उचित हुन्छ त? हुँदैन। तसर्थ, विज्ञता र दक्षताका आधारमा समावेशीताका सबै पक्ष समेटेर योग्य मानिसले भरिएको पूर्ण समानुपातिक प्रतिनिधिसभा हामी चाहान्छौं। मतदाता र उनीहरूको प्रत्यक्ष प्रतिनिधिबीचको सम्बन्ध नटुटाउन समावेशी उम्मेदवारहरूको क्षेत्रगत सन्तुलनको ग्यारेन्टी गरिनेछ । यो सूचीमा ५० देखि ७० क्षेत्रका विद्वान र विज्ञ व्यक्ति प्रस्तुत गर्नेछौं। कस्ता मान्छे संसद जादैछन् भन्ने हेरेर, देखेर, बुझेर मतदाताले घण्टीमा भोट हाल्नेछन्। सारमा भन्दा, हाम्रो राजनीति विज्ञताले निर्देशित हुनेछ, सरोकारवालमा सर्मपित रहनेछ र 'मेरिटोक्रेसी'मा आधारित हुनेछ।

सारा विकृतिको मूल जड यो निर्वाचन प्रणाली हो। हामीले कल्पना गरेजस्ता सांसदले नजिते देश बन्दैन। हामीले सोचेजस्ता सांसदले करोडौं खर्च गरेर चुनाव लड्दैनन। बिना खर्च घण्टीप्रतिको आकर्षणले कुनै उम्मेदवारले जिते भने धारा, कुलो, बिजुली सडकको काम गर्नैपर्छ। त्यसो गर्न बजेट चाहिन्छ। बजेट हात पार्न सरकारमा जानु पर्छ। सरकारमा गए गाली खाइन्छ। नगए बजेट पाइँदैन। बजेट नपाएपछि धारा, कुलो, बिजुली, सडक दिन सकिदैन। नसक्दा जतिसुकै विज्ञ, विद्वान भए पनि अर्कोपटक चुनाव जित्दैन। बरु केही काम गर्न नसक्ने भनेर बदनाम हुनुपर्छ। यही चक्करबाट देशलाई ननिकाली केही हुँदैन। पुराना दलले यसो हुन दिदैनन् किन भने माथिदेखि तलसम्म ती दलबाट पालित-पोषित मानिस सक्रिय छन्। र, यिनको मुल काम भनेको बजेट छरेर भोट सुनिश्चित गर्ने हो।

**(ग) दलको खातामो राज्यको आँखा**

'पार्टी फण्ड' भन्दै अकुत जोड्ने र त्यही पैसाको बलमा चुनावमा पैसाको खोला बगाउने प्रवृत्तिविरुद्ध नलड्ने हो भने संसददेखि स्थानीय तह केवल धनाढ्यहरुको मात्रै कब्जामा जानेछ। आज पनि संसदको कुना काप्चामा दललाई चन्दा दिएको बाहेक कुनै अर्को क्षमता नभएका सांसदहरु सुटेड-बुटेड भेटिन्छन्। पार्टी पैसाको बलमा होइन नीति, विचार र सिद्धान्तको बलमा चल्नु पर्छ। नीति, विचार र सिद्धान्तको बलमा पार्टी चलाउन आवश्यक पैसालाई मात्र 'पार्टी फण्ड' भनिनु पर्छ। पार्टी चलाउन

अनावश्यक 'कम्प्रोमाइज' गर्नेले देश चलाउन पनि अनावश्यक 'कम्प्रोमाइज' गर्छ । देश अनावश्यक 'कम्प्रोमाइज' चलाउन हुन्न ।

पार्टी सञ्चालन र निर्वाचन खर्च जुटाउन दल/नेताहरू अनेकौं हर्कत गर्न बाध्य छन् । र, त्यो बाध्यताले पनि राजनीतिलाई विकृत बनाएको छ । दलहरूको आर्थिक स्रोत भरपर्दो नहुँदासम्म ति विकृति हट्दैनन् । प्राप्त मतका आधारमा सरकारले राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरूको सार्वजनिक 'फण्डिङ' गर्दा कसो होला ? आगामी महाधिवेशन भित्र हामीले यसको पनि जवाफ खोज्नुपर्छ । अपारदर्शी चन्दा लिन नपर्दा स्वतः घट्ने आर्थिक र नैतिक बोझले उनीहरूलाई अनुशासित बन्न सहयोग पुर्याउँछ । उदाहरणका लागिः राष्ट्रिय मान्यता प्राप्त गर्ने दललाई एक लाख भोट बराबर एक करोड रुपैयाँ सरकारले दिंदा सबै दलहरुमा गरी वार्षिक १ अर्ब जति खर्च हुने देखिन्छ । आज राज्यले ४ घण्टामा उठाउने औसत राजस्वले लोकतन्त्रको शुद्धीकरणमा ठूलो भरथेग गर्ने हाम्रो विश्वास छ । यसरी राज्य कोष प्राप्त गरिसकेका दलहरूको लेखापरीक्षण सरकारी निकायले नै गर्ने व्यवस्था गर्दा घुसको नयाँ नामाकरण 'पार्टी फण्ड' हुन पाउँदैन । यो प्रावधानको अपब्याख्या व्यापक रुपमा हुन सक्नेछ । तर, समय दिएर घोत्लिने हो भने विकृतीको एउटा जरो यहाँ भेटिनेछ । सधैं लोकप्रिय कुरा गरेर हुँदैन । सही कुरा लोकप्रिय भएन भने पनि नेतृत्वले चिन्ता लिनु हुन्न । फेरि पनि भन्छु, आउँदो महाधिवेशनले बोल्ड निर्णय लिन सक्ने गरी यसमा छलफल चलाउनु पर्छ ।

**(घ) सांसदः विधायकी भूमिकामा मात्रै**

हामी सकेसम्म विज्ञ र असाधारण क्षमता भएका व्यक्तिहरूलाई मात्र सांसद बनाउछौं । र, देश विदेशमा व्यापक अनुभव हासिल गरेका विषय विज्ञहरूलाई मन्त्री बनाउछौं । मन्त्रीको काम देशको विकासको नेतृत्व लिने हो, सांसदको काम कानून बनाउने हो । तर, आम जनमानसमा सांसदहरूलाई विकास निर्माणका खुद्रा-मसिना काम गर्ने मध्यस्तकर्ताको रुपमा बुझिएको छ । एकपटक केही प्रतिनिधि व्यक्तिहरूलाई उदाहरणका रुपमा हेरौं न । डा. स्वर्णिम वाग्लेले हाम्रो कमजोर अर्थतन्त्रको त्राण भर्ने नीति बनाउन लाग्ने कि गाउँमा गएर फुटेको पानीको पाइप जोड्ने? डा. अरनिको पाडेले जलवायु परिवर्तनका सवाल उठाउने कि गाउँमा गएर दुई व्यक्तिबीचको झगडाको समन्वयकर्ता बन्ने? प्रा. डा. चन्दा कार्कीले आम नेपालीलाई सहज, सुलभ र प्रभावकारी स्वास्थ्य सेवा कसरी दिने भनेर नीति बनाउने कि सडक प्वाल परेको ठाउँमा गिटी र ढुंगा बोकेर पुग्ने? दुर्भाग्य यस्ता काममा संलग्न भइएन भने फेरि मतदाताले नेता र प्रतिनिधि मान्दैनन्, निर्वाचन जितिदैन । अब यो भाष्य चिर्नुपर्छ । यसरी जनताका काम गर्ने सरकारले हो, स्थानीय, प्रदेश वा संघीय सरकार । सांसदको काम देशको कायापलट हुने नीति तय गर्ने हो, कानून बनाउने हो । हामी त्यस्ता नीति निर्माण गर्न सक्ने र देशलाई नयाँ सोच दिने उच्च क्षमताका अब्बल सांसद आम नागरिकसामु प्रस्तुत गर्न चाहान्छौं ।

नीति र खाका राम्रो भएपछि त्यहीअनुसार जसले गर्दा पनि राम्रै हुन्छ । हामी बाटो राम्रो गरी हिंड्ने मात्र हैन, राम्रो बाटो बनाउने व्यक्ति खोज्छौं, छान्छौं र जनताबीच प्रस्तुत गर्छौं । बाटो राम्रो बनाएपछि जो हिंडे पनि सुरक्षित हुन्छ र गन्तव्यमा पुगिन्छ । हाम्रो शक्तिले भ्याएसम्म यही अभ्यास गर्छौं, वकालत गर्नेछौं । ठूला दुई दलले मिलेर संविधान संशोधनको दुवाई दिईरहँदा हामीले यी एजेण्डा झनै प्रखर बनाउन आवश्यक छ ।

संविधान संशोधन नगरी पनि गर्न सकिने हरेक उन्नत र नयाँ अभ्यासमा हामी निरन्तर समाहित रहने छौं, कतिपय अभ्यास सुरु गरिसकेका छौं । २०८४ को निर्वाचनमा पनि योग्य, विज्ञ, क्षमतावान र परिणाम दिन सक्ने एक से एक व्यक्ति नै घण्टीबाहक उम्मेदवारको रूपमा प्रस्तुत गर्नेछौं । योग्य उम्मेदवार निर्माण गर्न नसेकेको तह र स्थानमा हामी बरू निर्वाचन लड्दैनौं, स्वतन्त्र हिसाबका नयाँ अनि अन्य जुझारू साथीहरूलाई सघाउछौं । यस्ता दिग्गज र दर्बिला उम्मेदवार निर्माण गर्न नै हामीले उम्मेदवार क्लब र लिडरसिप एकेडेमीको अवधारणा अवलम्वन गरेका हौं ।

निश्कर्षमा भन्नुपर्दा अबको समाधान भनेको प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, गैरदलीय रास्ट्रपति, राष्ट्रिय सभा अध्यक्ष नै उपराष्ट्रपति, पूर्णसमानुपातिक प्रतिनिधिसभा, सांसदहरूको कानून मात्र बनाउने जिम्मेवारी, प्रधानमन्त्रीले छानेका विज्ञहरूको मन्त्रिपरिषद लगायत माथि उल्लेखित प्रस्तावमा व्यापक छलफल । चन्दाको धन्दा, अर्बौको चुनाव खर्च, अस्थिर सरकार सब बन्द!

**(४) समाधानका केही उपाय**

**(क) उपाय नम्बर-१, लिडरसिप एकेडेमी**

यो देश बनाउन मानिस भूमिगत भए, जंगल पसे । प्लेन हाइज्याकदेखि बैंक कब्जासम्म गरिए । म वर्तमानको सुविधा लिएर इतिहासका ती कठिन दिनहरूको मूल्यांकन गर्न चाहन्न । तर, के हिजो भूमिगत वा जंगल पसेजस्तै आज हामी लिडरसिप एकेडेमी भित्र पस्न सक्छौ? हिजो ढुंगा हान्न, रेलिङ भाँच्नदेखि बन्दुक चलाउन सिक्यौं होला, आज नीति-नियम र शासन-प्रशासन चलाउन सिक्न सक्छौ? पार्टी गठनको पाँच महिनामै २०७९ को आमनिर्वाचनमा होमिदा हामीले नारा बनाएका थियौं, 'जान्नेलाई छान्ने' । यूवा उमेरमै समाजमा राम्रो पहिचान बनाएका, उच्च शैक्षिक योग्यता पनि भएका र नैतिक एवं राजनीतिक रुपमा इमान्दार हाम्रा उम्मेदवार तुलनात्मक रुपमा 'जान्ने' भएकाले यो नारा दिएका थियौं । यो नाराले अन्य दलका पनि 'जान्ने' उम्मेदवार छान्न मतदातालाई दबाब परोस् भन्ने अभिप्राय समेत बोकेको थियो । एक हदसम्म यो नाराले काम पनि गर्‍यो । एउटै नाराले बदलिएको अवस्थाको चित्रण र जनभावनाको प्रतिनिधित्व गर्न नसक्ने भएकाले हामीले 'अब जान्ने बनौं' भन्ने नारा र यो नारालाई सार्थक बनाउने अभियान ल्याएका छौं । अभियान हो, लिडरसिप एकेडेमी ।

राजनीतिक दलहरूले आफ्ना उद्देश्य पूरा गर्न-गराउन नेता/कार्यकर्तालाई विभिन्न रुपमा प्रशिक्षित गरे । कसैले 'वाद' र 'विचार' पढाए । कसैले भूमिगत भएर जनताबीच जान सिकाए । कतिपयले सडक संघर्षका लागि तयार पारे । र, केहीले बन्दूक चलाउनसमेत सिकाए । विभिन्न दलले विभिन्न समयमा गरे-गराएका यि सबै कर्मकोयोगमा अहिले हामी शासकीय हिसाबले उन्नत र जनमैत्री 'लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था'मा छौं । कतिपयले त अब 'व्यवस्थाकै लागि राजनीतिक क्रान्ति/आन्दोलन गर्नु पर्दैन' समेत भनेका छन् ।

हामीले व्यवस्था त उन्नत ल्यायौं । तर, त्यसको व्यवस्थापन चाहिँ ...? हो, हामी चुकेको व्यवस्थामा होइन, व्यवस्थापनमा हो । पूर्ण राजनीतिक चेतना र संस्कार तथा दृढ इच्छाशक्ति र नैतिक चरित्रयुक्त एवं योग्य-सक्षम रचनात्मक व्यक्तिले मात्रै व्यवस्थापन गर्न सक्ने सत्य आत्मसाथ गरेर हामीले त्यो स्तरको राजनीतिक जनशक्ति उत्पादनको उद्देश्यमा लिडरसिप एकेडेमीको अवधारणा ल्याएका हौं ।

लिडरसिप एकेडेमी, जहाँ हामी थोरै राजनीतिक र धेरै व्यवस्थापकीय ज्ञान लिन्छौं, अभ्यास गर्छौं । शासन/प्रशासन सञ्चालन, नीति-योजना निर्माण, नागरिक मैत्री राजनीतिक सेवालगायत विषयमा प्रशिक्षित हुन्छौं । लिडरसिप एकेडेमी पढ्नेभन्दा सिक्ने र त्यसभन्दा बढी गलत सिकाई बिर्सने ठाउँ हो । जहाँबाट प्रशिक्षित भएर योग्य उम्मेदवार मतदाताबीच जानेछन् ।

अब प्रक्रियाको कुरा गरौं- हाम्रो पार्टी छ । तर, पार्टी भित्रबाट मात्रै उम्मेदवार हुनुपर्छ भन्ने मान्यता नराख्ने भएकाले हामी जुनसुकै तहको उम्मेदवारका लागि पनि खुला आह्वान गर्छौं । सम्बन्धित तह/क्षेत्रका मतदातालाई उनीहरूले अपेक्षा गरेका वा चाहेका उम्मेदवारबारे अभिमत चाहेर गर्न अनुरोध पनि गर्छौं । दुबै प्रक्रियाबाट आएका इच्छुकहरू प्रतिस्पर्धी हुन चाहेको तहको ‘उम्मेदवार क्लव’का सदस्य हुन्छन् । र, तिनलाई एकेडेमीमार्फत प्रशिक्षित गराइन्छ । यो प्रक्रियामा रास्वपामा जोडिसकेका योग्य मानिसको प्राथमिकता सुनिश्चितता गरिनेछ।

वडा सदस्य/अध्यक्ष, पालिका प्रमुख/उपप्रमुख, प्रदेश/संघीय सांसद लक्षित गरी चार चरणका प्रशिक्षण सामग्री तयार भइरहेको छ । एकेडेमी मार्फत आकांक्षीलाई विजयी भएपछिको काम, कर्तव्य र अधिकार, नीति-योजना र कानून बनाउने प्रक्रिया, प्राथमिकतापूर्ण लक्ष्य निर्धारण र योजना छनोट, सुशासन अभिवृद्धि र सेवा प्रवाहको चुस्तता, जनसम्बन्ध विस्तारलगायत विषयमा दीक्षित गराइनेछ । चारै चरणको मूल्यांकनपछि दीक्षितमध्येले प्रस्तुत गर्ने कार्ययोजनासहितको सोचपत्रका आधारमा समेत योग्यताक्रम निर्धारित आकांक्षीबीच फरक-फरक निर्वाचक मण्डल र मतभार रहेको प्रारम्भिक निर्वाचन गरिनेछ । र, प्रारम्भिक निर्वाचनमा सफल व्यक्ति घण्टी चुनाव चिन्हका उम्मेदवार हुनेछन् ।

राजनीति ढुंगा हान्नेबाट ढुंगा बोक्नेसम्म, साझा बस जलाउनेदेखि ब्लू- बस चलाउनेसम्म आइपुगेको अवस्थामा अब चुनाव जितेर सिक्ने होइन सिकेर जित्ने अवधारणामा जानैपर्छ । किनकि, जितेर सिक्ने अभ्यासले राजनीतिमा अनेकौं विकृति ल्यायो । लिडरसिप एकेडेमीबाट दीक्षित हुने उम्मेदवारले जनअपेक्षा अनुसार पदीय जिम्मेवारी र कर्तव्य निर्वाह गरेर जनप्रतिनिधिको छुट्टै मानक बनाउने छन् । नेतृत्व इमान्दार नहुनुको असर राजनीति, शासन र जनसेवामा परिरहेको अवस्थामा अब्बल व्यवस्थापकीय गुणसहितको सक्षम र इमान्दार नेतृत्वको विकास गर्न अपरिहार्य भएकैले हामीले यो अवधारणा ल्याएका हौं । राजनीतिक चेताना र ज्ञान हुनुले मात्रै राजनीति गर्ने अभ्यासबाट समाज व्यवस्थापकीय चेतसहितको राजनीतितर्फ अगाडि बढिरहेको सत्यलाई बेलैमा स्वीकार गर्न सकेनौं भने हामी पनि छोटो समयमै असान्दर्भिक हुन सक्छौं । लिडरसिप एकेडेमीका संरचना निम्नानुसार हुनेछन् ।

(अ) राष्ट्रिय जीवनमा विशिष्ठ योगदान पुर्याएका व्यक्तिमध्येबाट चिफ चान्सलर वा प्रधान संरक्षक, १ जना

(आ) विषय विज्ञहरू मध्येबाट एकेडेमी परिषद (चान्सलर काउन्सिल)का पदाधिकारी, १० जना (४ महिला)

(इ) विषय विज्ञहरू मध्येबाट कार्यकारी चान्सलर (एकेडेमी प्राचार्य), १ जना

(ई) विषयगत प्रशिक्षण दिने ख्याती प्राप्त विज्ञ, विशेषज्ञ, अनुसन्धाकर्ता, १ सय जना

**(ख) उपाय नम्बर-२, मिसन ०८४ ‘ब्लू-प्रिन्ट’**

हामीले सरकार सहभागीताको छोटो समयमा राज्य कसरी चल्दो रहेछ भन्ने मात्रै होइन, नीति, योजना र कार्यक्रमको प्रष्ट खाका नभई सरकारकै नेतृत्व गर्दा समेत तत्काल नागरिकले अनुभूत गर्ने गरी जनपक्षीय काम गर्न नसकिँदो रहेछ भन्ने पनि बुझ्यौं । सरकारमा गएपछि त आफूले चाहेका सुधार गर्न सकिहालिन्छ नि भन्ने ठानेर हामीले केही तत्कालका लागि लोकप्रिय र केही

दूरगामी महत्वका काम गर्ने कसरत पनि गर्यौं । तर, सरकार सञ्चालनको हाम्रो अभ्यास, नीतिगत र कानूनी अस्पष्टता, अन्तर निकाय समन्वयको अभाव, बजेटको सीमितता, कर्मचारी प्रशासनको अग्रसरहीनताजस्ता कारणले सरकारमा रहँदा समेत चाहेको परिणाम दिन नसकिने रहेछ । यो सत्यको आत्मबोधपछि नीति, योजना र कार्यक्रमको पूर्वतयारीको अभियानलाई हामीले 'मिसन-०८४ ब्लू-प्रिन्ट' भनेका छौं ।

निर्वाचनमा जानुअघि नै पार्टीबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिले संघीय, प्रदेश र स्थानीय सरकारमार्फत गर्ने कामको सूची हो, 'ब्लू-प्रिन्ट' । हाम्रा राजनीतिक, आर्थिक र सामाजिक एजेण्डा कार्यान्वयनको आधार तयार गर्न, जोखिम न्यूनीकरणका उपाय अपनाउन, अर्थ-राजनीतिक पाटाहरू केलाउदैं, सरकारका तत्कालिन कार्यक्रम मार्फत तीव्र रुपान्तरणका लागि आवश्यक स्रोत-साधन तथा कानूनी प्रबन्ध सुनिश्चित गर्ने व्यावहारिक अभियान हो, 'मिसन-०८४ ब्लू-प्रिन्ट' ।

'ब्लू-प्रिन्ट'मा हामीले नेतृत्व गर्ने सरकारका रणनीति, उद्देश्य, प्राथमिकता एवं नीति, योजना र कार्यक्रम हुनेछन् । मुलुकले भोग्दै आएका समस्या न्यूनीकरण हुँदै समाधानका उपाय समेटिने छन् । सुशासन अभिबृद्धि र राज्यका सेवा प्रवाह सुधारका योजना हुनेछन् ।

सार्वजनिक प्रशासनको आमूल पुनःसंरचनाका आधार, अन्तर्राष्ट्रिय सम्बन्धमा नयाँ अभ्यासको अवधारणा, साना राष्ट्रको कुटनीति सवलीकरणको उपाय, रणनीतिक भू-राजनीति उपयोग नीति, सुरक्षा तथा शान्ति निरन्तरताको योजना, न्यायीक सुधारको खाका, उत्पादन अभिबृद्धिका योजना, सामाजिक सेवा र कल्याणका नीतिसहितको 'ब्लू-प्रिन्ट'मा देशका हरेक क्षेत्र एवं तहको विकास तथा सुधारको स्पस्ट मार्गचित्र हुनेछ । र, त्यही मार्गचित्र लिएर हामी ०८३ र ०८४ का निर्वाचनमा मत माग्न नागरिकबीच पुग्ने छौं । हामी आश्वासन दिएर होइन 'ब्लू-प्रिन्ट' देखाएर मत माग्ने नयाँ शैलीमा प्रस्तुत हुनेछौं । चुनाव केन्द्रित मात्र होइन समग्र राजनीतिकै पृथक यो अभ्यासले चुनावमा उम्मेदवार होइन दलीय एजेण्डालाई प्रधान बनाउने छ ।

### (५) अबको कार्यभार

#### (क) संघर्ष, सहकार्य र ध्रुविकरण

पूराना दलले राजनीतिक व्यवस्थापन, शासन-सत्ता सञ्चालन र जनआकांक्षा सम्बोधनमा अनेकौं कमजोरी गरेका छन् । राजनीतिक अस्थिरता, दलहरूप्रतिको अविश्वसनीयता र नागरिकमा निरासा बढाउन उनीहरू नै जिम्मेवार छन् । राजनीतिक विकृति-विसंगति, देश-जनताको अविकास र अनियमितता-भ्रष्टाचारका कारण पनि तिनै हुन् । चरम सत्तास्वार्थ, अस्वस्थ प्रतिस्पर्धा र अनैतिक राजनीतिले मुलुकबाट 'युवा' र 'आशा'समेत लखेटेका कारण हामीले पुराना दलको खरो आलोचना गर्दै आएका हौं । तर, राजनीतिक परिवर्तनका लागि ति दलले गरेको लामो संघर्ष, नेताहरूले खेपेको दुःख-कष्ट र कार्यकर्ताको बलिदानी भावनाको उच्च प्रशंसा गर्दछौं । उनीहरूकै अगुवाईमा भएको परिवर्तनले हामीलाई जन्मिने, हुर्कने र बढ्ने तथा हाकाहाकी उनीहरूकै आलोचना गर्ने वातावरण दिएको छ, यसकारण पनि उनीहरू धन्यवादका पात्र हुन् ।

तर, राजनीतिमा इतिहासको 'व्याज' भन्दा वर्तमानको 'कर्म' बलशाली हुन्छ, हुनुपर्छ । गौरवपूर्ण विगत हुँदा-हुँदै पनि अन्योलपूर्ण वर्तमान र अनिश्चित भविष्यको कारक भएकाले अगाध सम्मानसँगै पुराना दलहरूसँग हाम्रो तीव्र असन्तुष्टी छ ।

हाम्रो असन्तुष्टी तिनले अंगालेको 'वाद' र 'विचार'मा होइन तिनको अकर्मण्यतामा हो । र, मुलुक बर्वादीको भूमिकाका लागि हो ।

म दोहोर्याउँछु, हामी 'कर्म'मा बढी विश्वास गर्छौं । र, अन्य दलसँग पनि 'वाद' र 'विचार'को संक्रिणता र जडतामा होइन, तिनको 'कर्म' र 'मुद्दा'को आधारमा नजिक-टाढा हुन्छौं । यही आधारले संघर्ष वा सहकार्य निर्धारण गर्ने छ । देश र देशबासीको हितका लागि यो व्यवस्था स्वीकार गरेका र भएका कमजोरी सच्याएर यही व्यवस्था नै सुदृढ बनाउनुपर्छ भन्ने मान्यता राख्ने दलहरूसँग हाम्रो मुद्दागत सहकार्य हुन सक्छ । हामी मुद्दा तथा गुण र दोषका आधारमा संघर्ष र सहकार्यका लागि तयार रहने छौं । तर, चुनावी गठबन्धनका लागि कदैव तयार हुने छैनौं।

यहाँ हामीले ख्याल गर्नुपर्छ कि, वैकल्पिक राजनीतिक शक्तिप्रतिको विश्वास र मतलाई एकीकृत गर्ने दायित्व पनि हाम्रै हो । यसलाई पनि हामीले अभियानकै रुपमा अगाडि बढाउनुपर्छ ।

सरकार सहयात्री कांग्रेस र एमालेले मुलुकलाई दुई दलीय व्यवस्थामा लैजाने प्रपञ्च गरिरहेकाले राजनीतिक ध्रुविकरणको आधार बन्दै गएको छ । व्यवस्थापकीय सुधार र राजनीतिक स्थिरताको बहनामा उनीहरू साना दलको अस्तित्व मेटाउने योजनामा छन् । संभावित यो कदमले वैकल्पिक राजनीतिक शक्ति बन्न चाहने नयाँ दल र शक्तिहरूलाई ढिलो-चाँडो सहकार्यका लागि एकै ठाउँमा ल्याउन सक्छ ।

'वाद' र 'विचार'को संक्रिणता नरहेको, देश-जनताको हितलाई केन्द्रमा राखेको तथा गुण-दोषका आधारमा संघर्ष र सहकार्यको नीति रहेका कारण वैकल्पिक राजनीतिक शक्ति निर्माणको अगुवाई हामी गर्न सक्छौं । राष्ट्र, राष्ट्रियता र जनजीविकाका मुद्दामा सहकार्यसहित लोकतान्त्रिक अभ्यासविरुद्ध हुन सक्ने चलखेल र राज्यरसरकार सिर्जित विकृति-विसंगतिको खबरदारीका लागि सार्थक मोर्चाबन्दी जरुरी छ । त्यसैले, 'वाद' र 'विचार'को संक्रिणता नरहेका दल, शक्ति, समूह र व्यक्तिलाई ध्रुविकरण प्रक्रियाबारे गहन छलफलका लागि आह्वान गर्दछु । यो राष्ट्रिय भेलामा केन्द्रीय समितिलाई समेत स्पष्ट निशानिर्देश गर्ने गरी यस विषयमा पनि छलफल होस् भन्ने अपेक्षा राखेको छु ।

**(ख) तीन मोर्चामा सशक्त उपस्थिति**

मुलुकको चौथो शक्ति, जनविश्वासको जग र फरक गर्ने स्वघोषणाका कारण पनि हामीसँग विराट जिम्मेवारी छ । हाम्रो उपस्थितिले जगाएको 'आशा' बढाउँदै मुलुकको रुपान्तरण र राजनीतिलाई जनसेवाको उच्चतम माध्यम प्रमाणित गर्न असीमित दायित्व छ । हाम्रा नीति-योजना कार्यान्वयन र नागरिकका अपेक्षा सम्बोधन गर्ने सामथ्र्यमा पुग्ने गरी जनमत आफ्नो पक्षमा पार्न हामीले निकै मेहनत गर्नुपर्ने छ । नागरिकस्तरमा नीति-विचार पुर्याउने, रुपान्तरणका योजना सुनाउने र उनीहरूका भावनाको सही प्रतिनिधित्व गर्ने अभियान र क्रियाकलापलाई बढवा दिन आवश्यक छ । यसतर्फ सन्निकट रहेको पहिलो महाधिवेशनले पार्टीलाई स्पष्ट निशानिर्देश गर्ने नै छ । महाधिवेशन अघि पार्टीपंक्ति एवं जनस्तरले मुख्य तीन क्षेत्रमा हामीबाट सक्रियता र सुझबुझपूर्ण भूमिकाको अपेक्षा गरेका छन् ।

**(१) संगठनः** भएका पार्टी संरचनालाई चलायमान र सुदृढ बनाउने । सबै पालिका र वडामा पार्टी विस्तार गर्ने । समितिमा संगठितसहित सदस्यहरूलाई नीति-विचार, सांगठनिक संरचना, राजनीतिक संस्कार र रास्वपा 'स्कूलिङ'बारे प्रशिक्षित गर्ने ।

पार्टी कामका प्राथमिकता क्षेत्र निर्धारण गरी केन्द्रदेखि जिल्लासम्मका पदाधिकारी र सदस्यलाई परिभाषित जिम्मेवारी (विषयगत वा भूगोल) दिने । पार्टीको आर्थिक व्यवस्थापनका लागि विशेष योजना बनाएर कार्यान्वयन गर्ने । स्थानीय समितिहरू मार्फत नै जनस्तरमा अन्तरक्रिया बढाउने, अभियान चलाउने र नागरिकका मुद्दा/समस्याको पैरवी गर्ने ।

**(२) संसदः** सदनको उपस्थितिलाई थप रचनात्मक र बुलन्द बनाउने । सरकारका गलत क्रियाकलापविरुद्ध निरन्तर खबरदारी गर्ने । सत्तापक्षबाट हुन सक्ने बलमिचाइँको प्रतिवाद गर्ने । नागरिकका मुद्दा र समस्याको सार्थक पैरवी गरिरहने । संसदीय दलको निर्णयअनुसार गैर-सरकारी विधेयक र सार्वजनिक महत्वका प्रस्ताव लैजाने । कानून बनाउँदा हुन सक्ने स्वार्थ समूहको चलखेलप्रति चनाखो हुने, भण्डाफोर गर्ने । जनमैत्री कानून बनाउने गरी विधेयकहरूमा संशोधन हाल्ने । संसदीय समितिमा तथ्य र तर्कपूर्ण उपस्थिति बढाउने । केन्द्रदेखि वडासम्म छाया सरकार बनाउने ।

**(३) सडकः** सरकारका गलत निर्णय र क्रियाकलाप तथा ठूला दलले संसदीय बल प्रयोग गरेर गर्न सक्ने प्रहारविरुद्ध एवं जनाधिकारका पक्षमा अब चाहिँ सडकमा उत्रिनुपर्ने हुन सक्छ भन्ने तयारीमा रहने । जनाकर्षणका लागि सडक लक्षित अभियानात्मक कार्यक्रम बढाउने । सडक केन्द्रित गैर-राजनीतिक अभियान र मुद्दामा ऐक्यवद्धता जनाउँदै नेताहरूको व्यक्तिगत उपस्थिति र सक्रियता बढाउने ।

संगठन, संसद र सडक (तीन वटै मोर्चा)मा पार्टीले तत्काल खेल्नुपर्ने भूमिका र उठाउनुपर्ने मुद्दाबारे यो भेलाले गर्ने निर्देशअनुसार केन्द्रीय समितिले विस्तृत कार्ययोजना बनाएर लागू गर्ने विश्वास दिलाउन चाहान्छु । वैशाखका लागि प्रस्तावित महाधिवेशनले यि तीनवटै मोर्चामा सशक्त उपस्थितिको नीति, योजना र कार्यक्रम बनाउने नै छ ।

### (ग) 'क्रान्ति'को पुनःव्याख्या र पुर्निर्माण

कुनै बेला भूमिगत राजनीतिलाई आन्दोलन वा क्रान्ति भन्ने चलन थियो । कुनै कालखण्डमा विशाल आमसभा, जनप्रर्दशन र भाषणबाजीलाई क्रान्तिको श्रृंखला मानिन्थ्यो । झण्डा फहराउने, ताली बजाउने, नारा लगाउने कुरा क्रान्ति मानिन्थे । झण्डा प्रायः रातो हुन्थ्यो, ब्यानर पनि रातै हुन्थ्ये । हामी क्रान्ति भनेको रक्तरन्जित रातै मात्र हुन्छ भन्ने भाष्यलाई चिर्न चाहान्छौं । क्रान्ति गहिरो, शितल, शान्त, सौम्य पनि हुन्छ र अबको क्रान्ति पनि शितल र शान्त हुनुपर्छ भन्ने मान्यता राख्छौं । यसका लागि हामीले निलो रंग छानेका हौं । अबको क्रान्तिको रंग शान्त निलो हुन्छ भनेका हौं । क्रान्ति विरोध र कटाक्षेपको मात्र हुदैन । क्रान्ति सिकाएर पनि हुन्छ । तर, परिवर्तन मान्छेलाई योग्य बनाएर मात्र हुन्छ । क्रान्ति असल नेतृत्व निर्माण गराएर हुन्छ । हामी यही प्रकारको क्रान्ति गर्न चाहान्छौं । लिडरसिप एकेडेमी हाम्रो क्रान्तिको अबको बाटो हो । यसलाई हामी निलो क्रान्तिको प्रतिकको रूपमा अगाडि बढाउँछौं, 'A Blue Revolution'.

**प्रतिनिधि मित्रहरू,**

अहिलेसम्मका राजनीतिक आन्दोलन सत्ता प्राप्तिका दृष्टिले सफल रहे । जहानियाँ राणा शासन ढाल्नेले २००७ सालमा सत्ता पाए । २०४६ सालमा निरंकुश पञ्चायतलाई विदा गर्ने आन्दोलनका अगुवाले पनि सत्ता पाए । आमूल परिवर्तनको अगुवाई गर्छौं भनेर २०५२ सालमा बन्दुक उठाउने २०६२/०६३ को 'बसन्त विद्रोह' सँगै सत्तामा पुगे । राजनीतिक क्रान्ति वा आन्दोलनको उद्देश्य मुलुकको रुपान्तरण हुनुपर्नेमा शासन सञ्चालनमा मात्रै सीमित भयो । मूल उद्देश्य नै शासन-सत्ता भएपछि हामी त्यसकै वरीपरी रुमलिनु र मुलुक रुपान्तरणको मुद्दा प्राथमिकतामा नपर्नु स्वभाविक थियो ।

क्रान्ति सफल हुने, आन्दोलन सफल हुने, व्यक्तिगत रुपमा नेताहरू पनि सफल हुने तर देश चाहिँ असफल हुने राजनीतिको यो मोडल त्याज्य छ । व्यवस्था परिवर्तन गर्न सफल भएका नेताहरू व्यवस्थाको व्यवस्थापनमा भने असफल हुने रहेछन् भन्ने तथ्य मुलुकको जर्जर, अनिश्चित र निरास अवस्थाले प्रष्ट पारिसक्यो । त्यसैले 'इतिहासका लागि तपाईंलाई धन्यवाद, भविष्य हामी बनाउछौं' भन्नुपर्ने निर्मम अवस्थामा हामी आइपुगेका छौं । राजनीति त, देशमाथि धेरै भयो, अब 'अर्थपूर्ण राजनीति' गर्नुपर्ने  छ । र, त्यसैका लागि हो हाम्रो उपस्थिति, सक्रियता र हस्तक्षेप ।

हिजो सम्म पुराना दलहरु एक अर्काको आलोचना विरोध गर्थे। आज उनीहरु सबै मिलेर हाम्रो आलोचना विरोध गर्छन् । यस्तो लाग्दैछ कि सारा शक्ति एका तिर रास्वपा अर्का तिर। राजनीतिक हिसाबले हामी एक दम सहि ठाउँमा आइपुगेका छौ। हुनु पर्ने अल भर्सेज वान नै हो। हाम्रो चिन्ता यति मात्र हो कि यो लडाइमा  उनीहरु निर्लज्ज्ता नदेखाउन्, छल्छाम नगरुन, षड्यन्त्रका तानाबाना नबुनुन्। हामीलाई लडाउन र हराउन उनीहरु राज्यका निकाय र श्रोतको दुरुपयोग नगरुन्। कुन मुद्दामा कहाँ फसाउन सकिएला भनेर अदालत तिरपनि बक्र दृष्टि लगाउदै गरेको सुचना हामीलाई प्राप्त भैसकेको छ। अदालतमा  मुद्दा देखि झुठो आरोपको मिडिया ट्रायल सम्मको अभ्यास अब खुब देखिनेछन्। रास्वपालाई हराउन इक्छुक सबैलाई मेरो अपिल । रास्वपालाई र मलाई सिध्याउन निर्वाचन मात्रै रोजौं, प्रहरी, मिडिया, अड्डा, अदालत तिर आँखा नचम्काऔं, घाँटी नतन्काऔं। अनुकम्पा चाहिन्न अन्याय गर्न पाइन्न।

हामीले बिर्सनै नहुने **4D Theory**, पुराना दलले हामीलाई कमजोर बनाउन यो थ्यौरी अपनाएका र अपनाउने छन् ।

- सके 'डिस्टोए' अथवा नाश गर्ने
- त्यो नसके, 'डिफिट' गर्ने,  हराउन अनेक तिकडम गर्ने
- त्यो पनि नसके 'डिफेम' अथवा वेइज्जती र गलत अफवाहा फैलाउने
- त्यो पनि गर्न नसके 'डिनाई' गर्ने अथवा स्वीकार गर्न नखोज्ने

रास्वपाको केन्द्रीय समिति आजैबाट महाधिवेशन आयोजक समिति समेत भएको जानकारी गराउँदै २०८२ को बैशाख २५, २६ र २७ गते महाधिवेशन गर्ने प्रस्ताव राख्छु। र, एउटा अभियान घोषणा गर्छु- **महाकाली-मेची जनयात्रा, जनताको कुरा सुन्ने यात्रा ।**

**प्रतिनिधि मित्रहरू,**

अन्त्यमा, समृद्ध बनाउन यो प्रतिवेदन व्यापक छलफल गर्न आग्रह गर्दछु । साथै, पार्टीको मूल नेतृत्वका रुपमा मैले लिएका निर्णय र गरेका काम-कारबाहीबारे समेत आलोचनात्मक चेतसहितको टिप्पणी वा सुझाव अपेक्षा गरेको  छु । पार्टीलाई स्पष्ट दिशानिर्देश गर्न यो भेला पूर्ण सफल हुने र यहाँहरू थप उत्साहित भएर फर्किनु हुने अपेक्षाका साथ प्रतिवेदन टुंग्याउछु ।

धन्यवाद, 'जयघण्टी' ।

**असोज २, २०८१ (कमलादी, काठमाडौं)**

**मिडियाको जानकारीका लागिः**

प्रतिवेदनलाई समृद्ध बनाउन पार्टी संरचनाभित्र खुला छलफल चलाउने प्रस्ताव भेलाले पारित गरेको छ । अब प्रतिवेदनमा पार्टीका तल्ला तहसम्म छलफल हुने छ। र, प्रतिवेदन/ प्रस्तावलाई आउँदो बैशाखमा हुने पहिलो महाधिवेशनले निश्कर्षमा पुर्याउने छ।